UNITED NATIONS MISSION
IN NEPAL

UNMIN

नेपालस्थित संयुक्त
राष्ट्रसंघीय मिसन

**प्रेस विज्ञप्ति**

**राष्ट्रसंघीय उच्च राजनीतिक अधिकारी नेपाल भ्रमणमा**

१० मार्च २०१०

नेपालको शान्ति प्रक्रियाको विद्यमान स्थितिको समीक्षा गर्न र आगामी दिनहरूमा बाँकी प्रतिबद्धताको कार्यान्वयनमा अग्रगति दिनका लागि प्रोत्साहन गर्न संयुक्त राष्ट्रसंघीय राजनीतिक मामिलाका उप-महासचिव बि. लिन पास्को आफ्नो तीन दिने भ्रमणका क्रममा आज नेपाल आइपुग्नु भएको छ।

आज उहाँले नेपाली काँग्रेसका सभापति गिरिजाप्रसाद कोइराला तथा नेपाली काँग्रेसका वरिष्ठ नेताहरू, एनेकपा–माओवादीका अध्यक्ष पुष्पकमल दाहाल र प्रधानमन्त्री माधवकुमार नेपालसँग भेटवार्ता गर्नुभएको छ। ती सबै पक्षसँग पास्कोले विश्वासको वातावरण पुनःस्थापना गर्न र शान्ति प्रक्रियालाई अगाडि बढाउनुको महत्त्वमाथि प्रकाश पार्नु भएको थियो र यस प्रक्रियामा अन्मिनको निरन्तर योगदानका बारेमा पनि छलफल गर्नुभएको थियो।

नेपाल भ्रमणका क्रममा उप-महासचिव पास्कोले अन्य राजनीतिक दलका नेताहरूका साथै रक्षा मन्त्री तथा प्रधानसेनापतिसँग पनि भेटवार्ता गर्नु हुनेछ।

अन्मिनको हतियार व्यवस्थापनको अनुगमनको कामको अवलोकन गर्न उहाँ चितवनको शक्तिखोरमा रहेको माओवादीको तेश्रो शिविरको पनि भ्रमण गर्नु हुनेछ। यसका साथै मधेशी नेताहरूसँग पनि भेटवार्ता गर्ने उहाँको योजना रहेको छ।

ICC Complex, New Baneshwor, GPO Box 15211, Kathmandu, Nepal, Tel: + 977-1-501-0036/37/38, Fax: +977-1-501-0040